# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश , नेपाल

च.नं.
प.सं. ०७७/०७८

दोस्रो पटक सूचना प्रकाशन मिति २०७७/१२/१२

संघीय सरकारको बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत धान मकैबालीमा प्रविधि विस्तार यान्त्रिकरण प्रवर्धन, पुर्वाधार विकास एवं बजर व्यवस्थापन लगायत क्रियाकलापहरुलाई एकिकृत रुपमा मिशन कार्यक्रमको रुपमा संचालन गरी धान मकैको उत्पादकत्व बृद्धि गरी धान/ चामल तथा मकैको आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउने तथा परम्परागत अन्न एवं कोदोजन्य स्थानीय तथा रैथाने बालीहरुको प्रवर्धन मार्फत उत्पादन तथा उपभोक्ता बढाई खाद्य तथा पोषण सूरक्षा सुधार गर्ने तथा खद्यान्न आयात कम गरि आत्मनिर्भता बढाउने उद्देश्यका साथ यस सरावल गाउँपालिका आ.व. २०७७/०७८ मा धान बिषेश कार्यक्रम संचालन हुने संहर्ष जानकारी गराउदैछौं ।

यसै सन्दर्भमा यस सरावल गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत धान बिषेश कार्यक्रममा आवद्धताको लागि योग्यता पुग्ने ईच्छुक कृषक समुह/कृषि सहकारी /कृषि उद्यमी एवं जल उपभोक्ता समितिहरुको सूचि तयार गर्नु परेकोले कार्यालयबाट निर्धारिण ढाँचाको आवेदन साथ आवश्यक कागजातहरु दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस सरावल गाउँपालिकाको कृषि विकास शाखामा कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी तथा जलउपभोक्ता समितिहरुलाई प्रस्ताव पेश गर्नुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

| मापदण्डहरु | धान बिषेश कार्यक्रम |
|---|---|
| तोकिएको बाली | धान |
| परियोजना संचालन हुने क्षेत्र | सरावल गा.पा. वडा नं. १,२,३,४,५ |
| परियोजना संचालनहुने आवश्यक न्युनतम क्षेत्रफल | २० हेक्टर |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | चालु अनुदानः नविन उत्पादन प्रविध प्रदर्शन तथा तालिम, उन्नत धान खेति विस्तार /धान खेति प्रवर्दनका लागि उत्पादन सामग्री सहयोग ।<br><br>पूँजीगत अनुदानः कृषि यान्त्रीकरण तथा कृषि औजार उपकारणहरुमा अनुदान सहयोग साना सिचाई पूर्वाधार निर्माण आदि । |
| हुनु पर्ने सेवा /सुविधा /पुर्वाधार | क)सडकको पहुँच भएको वा हुन सक्ने (ख) सिचाँईको उपलब्धता भएको वा हुनसक्ने (ग)विद्युतको उपलब्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुनसक्ने वा एउटै कोरिडोरमा रहेको (ङ) वित्तीय संस्थाहरुको पहुँच भएको वा (च) बजारको उपलब्धता भएको वा हुनसक्ने । |

आबेदनका साथ् आवश्यक कागजातहरु :

- कार्यलयले तोकेको ढाँचाको पूर्णरुपले भरिएको आवेदन फारम
- आवेदकको नागरिकताको प्रमंपत्रको प्रतिलिपि
- कृषक समुह/ सहकारी/कृषि उद्यम तथा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- कृषक समुह/ सहकारी/ कम्पनी/ कृषि उद्यमीहरुको निर्णयको प्रतिलिपि ( सामुहिक भएमा )
- प्रस्तावित धान खेति गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि
- जग्गा करारमा लिई धान खेति गर्ने भए कम्तिमा ५ बर्षको करार लिएको जग्गाको लालपुर्जा सहितको करारनामाको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको धान ब्लकमा आवद्धताका लागि सिफारिस पत्र